Website: besishaharmun.
Email: info@besishaharmun.
eo@besishaharmun.

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

............शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं. : ०७७/७८
च.नं. :

मिति : २०७७/०९/१९

## विषय : सूची दर्ता गराउने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०९/१९)

बेसीशहर नगरपालिका तथा गण्डकी प्रदेश सरकारको लागत साझेदारीमा यस बेसीशहर नगरपालिकाको आवधिक योजना तर्जुमा गर्नुपर्ने भएकोले प्राविधिक तथा परामर्श सेवा प्रदान गर्न योग्य, अनुभवि, सक्षम तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट तोकिए वमोजिमका आवश्यक काजजात सहित निवेदन पेश गर्न सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम यो सूचना प्रकाशन गरिएको हुँदा रीतपूर्वकको निवेदन तल दिइएको इमेल ठेगानामा सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र पेश गरी सूची दर्ता गराउन आह्वान गरिन्छ ।

**तपशिल,**

**१. आवश्यक कागजातहरु**

(क) रीतपूर्वकको निवेदन (आफूले कार्य गर्न चाहेको विषयक्षेत्र स्पष्ट उल्लेख भएको) ।
(ख) संस्था/कम्पनी दर्ता र आ.व. २०७७/०७८ को नविकरण अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि ।
(ग) मूल्य अभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि ।
(घ) आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
(ङ) आ.व. २०७६।०७७ को लेखा परीक्षण प्रतिवेदन ।
(च) सम्बन्धित क्षेत्रको अनुभव र कार्यक्षमता खुल्ने कागजातहरु ।
(छ) कालोसूचीमा नरहेको स्व-घोषणा ।

२.माथि बुँदा नं १ मा उल्लेखित सम्पूर्ण कागजातहरु संस्थाको आधिकारिक व्यक्तिबाट सहिछाप गरी स्क्यान कपि तल उल्लेखित इमेलमा पठाउनु पर्नेछ । साथै खामबन्दी सहितको उक्त कागजातहरु तल उल्लेखित ठेगानामा तोकिएको म्याद भित्र कार्यलय समयमा पेश गर्नुपर्नेछ ।

३. आवेदक फर्म, संस्था वा कम्पनीको आधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधार मानी सूची तयार गरिनेछ । नियमानुसार सूचीकृतमा परेका आवेदक फर्म, संस्था वा कम्पनीहरुबाट आवश्यकतानुसार प्रस्तावना माग गरिनेछ ।

नोट : बुँदा नं १ को “ख र घ” को हकमा आ.व. २०७६/०७७ को कागजात उपलब्ध भै नसकेको अवस्थामा पुष्ट्याइँ सहित आवश्यक प्रमाण समेत संलग्न गरि आ.व. २०७५/०७६ को कागजात पेश गर्न सकिनेछ ।

**निवेदन पेश गर्ने ठेगाना :**

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ, गण्डकी प्रदेश, नेपाल
कार्यालय फोन : ०६६-५२०१५०/९८५६००९१११/९८५६०४६२०९
इमेल : besishaharmunicipality@gmail.com

(नोट : मिति २०७७।९।१९ को लमजुङ दर्पण राष्ट्रिय दैनिकमा समेत प्रकाशित भएको)

पुष्पराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत